आस्थावानहरूको आपसी प्रेम र एकअर्काप्रतिको करुणाको उदाहरण एउटा शरीर जस्तै हो, जसको कुनै अंग दुख्दा पूरै शरीरले पीडा महसुस गर्छ, निन्द्रासमेत उड्छ र पूरै शरीरलाई ज्वरो आउँछ ।

नोअ्मान बिन बशीर (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "आस्थावानहरूको आपसी प्रेम र एकअर्काप्रतिको करुणाको
उदाहरण एउटा शरीर जस्तै हो, जसको कुनै अंग दुख्दा पूरै शरीरले पीडा महसुस गर्छ, निन्द्रासमेत उड्छ र पूरै शरीरलाई ज्वरो आउँछ ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट गर्नुभयो कि मुस्लिमहरूको आपसी सम्बन्ध कल्याण, दया, सहयोग र एकअर्काको पीडाप्रति संवेदनशीलतामा आधारित हुनुपर्छ, जस्तो कि एउटै शरीरको अवस्था हुन्छ —जब शरीरको कुनै एक अंगमा पीडा हुन्छ, तब सम्पूर्ण शरीर नै अनिद्रा र ज्वरोले प्रभावित हुन्छ।

http://sunnah.global/hadeeth/ne/show/4969